# कुन्चा सर्न भारतको बाटो

**खलङ्गा समाचारदाता**
*खलङ्गा (दार्चुला), जेठ १ गते*


**सौका समुदाय कुन्चा सर्दै ।**

वैशाख तेस्रो साता सदरमुकाम खलङ्गाबाट कुन्चा हिँडेको सौका समुदाय एक सातापछि तिङ्कर पुगेको छ। आफ्नै भूमि (नेपाल) बाट दार्चुलाको अति दुर्गम व्यास गाउँपालिका-१ को तिङ्कर र छाङरुगाउँसम्म पुग्न खासै बाटो नभएपछि कुन्चाका लागि भारतको बाटो हुँदै तिङ्कर पुगेको हो। सदरमुकाम खलङ्गाबाट २८ कोस टाढा उत्तरतर्फ रहेको तिङ्कर र छाङरुका मानिस कुन्चा सरेका हुन्।

दार्चुलामा मात्रै बसोबास रहेको सौका समुदायमा बसाइँसराइ गर्नुलाई कुन्चा सर्नु भनिन्छ। सौका समुदायका मानिस हिउँदको छ महिना गाउँमा र गर्मीको छ महिना सदरमुकाम खलङ्गामा बसाइँसराइ सर्ने गर्छन्।

गाउँमा बाक्लो हिमपात भएपछि तिङ्कर र छाङरुमा बस्दै आएका सौका समुदायका मानिस गत मङ्सिरको पहिलो साता सदरमुकाम खलङ्गा बसाइँ सरेका थिए।

नेपालबाट बाटो नभएका कारण उनीहरू भारतीय प्रशासनको अनुमति लिएर तिङ्कर हिँडेको स्थानीय दानसिंह तिङ्करी विभिन्न समस्या झेल्दै सात दिनपछि गाउँमा पुगेको बताउनुहुन्छ।

उहाँ काठमाडौँमा कालापानीको कुरा गर्दा सीमाका नागरिकलाई दुःख हुने गरेको बताउनुभयो। सरकारले सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, “छाङरु, तिङ्कर जान भारतीय बाटो प्रयोग गर्नु पर्छ, काठमाडौँमा कालापानीका कुरा उठाउँदा सीमामा जनताले अनावश्यक दुःख भोग्नुपर्ने हुन्छ। त्यसैले सरकारले कि कूटनीतिक माध्यममार्फत सीमा समस्या सामाधान गर्नु पर्छ। कि त नेपालबाटै हिँड्न मिल्ने गरेर सडक निर्माण गरिदिनु पर्छ।”

सीमामा रहेका भारतीय सुरक्षाकर्मीको डरका कारण स्थानीय सञ्चार माध्यममा खासै बोल्न नमान्ने गरेको पनि उहाँको भनाइ छ।

धारचुलास्थित भारतीय प्रशासनले बाटो प्रयोग गर्न अनुमति दिएपछि छाङरु र तिङ्करगाउँमा बसोबास गर्दै आइरहेका सौका समुदायका नागरिक एक साता लामो पैदल यात्रा गरेर गाउँ पुगेका छन्।

जिल्ला प्रशासन कार्यालय दार्चुलाले गत चैत ३० गते भौगोलिक विकटता र नेपालतर्फ पैदाल यात्रा गर्न सक्ने बाटोको अवस्था नरहेको भन्दै भारतीय बाटो प्रयोग गरेर छाङरु र तिङ्कर जाने नागरिकलाई अनुमति दिएर आवश्यक समन्वय र सहजीकरण गरिदिन धारचुलास्थित एसडिएमको कार्यालयलाई पत्र पठाएपछि स्थानीयले बाटो प्रयोग अनुमति पाएका हुन्।

सीमाका पहरेदारका रूपमा बसोबास गर्दै आएका नागरिकलाई आफ्नै भूमिबाट गाउँसम्म जाने वातावरण बनाउन दार्चुला-तिङ्कर सडक निर्माण युद्धस्तरमा गर्नुपर्ने व्यासका स्थानीय दीपक खातीको भनाइ छ। साथै उहाँले पनि सीमा समस्या सामाधानका लागि सरकारले भारतसँग कूटनीतिक माध्यममार्फत वार्ता गर्नुपर्नेमा जोड दिनुभयो। व्यास-१ को छाङरुगाउँमा १२५ र तिङ्करगाउँमा ७० परिवार सौका समुदायको बसोबास रहेको व्यासी सौका समाज दार्चुलाले जनाएको छ।

### तिङ्कर नाकामा सशस्त्र खटियो

दार्चुलाको उत्तरी क्षेत्रमा पर्ने चीनसँगको सीमानाका तिङ्कर छ्यालेकमा सशस्त्र प्रहरी बल खटिएको छ। बाक्लो हिउँ जमेका कारण गत कात्तिकको पहिलो साता छाङरु झरेको सशस्त्र प्रहरीको टोली वैशाख २८ देखि तिङ्करस्थित छ्यालेकको बोर्डर आउट पोस्ट (बिओपी) मा खटिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म हेड क्वाटर छाङरुका सशस्त्र प्रहरी नायब उपरीक्षक फणीन्द्रबहादुर शाहीले जानकारी दिनुभयो।

सुरक्षाविहीन भएको सात महिनापछि चीनसँगको सीमानाका तिङ्कर छ्यालेकमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा सशस्त्र प्रहरीको टोली खटिएको हो।

कात्तिकको पहिलो साता सशस्त्र प्रहरी छाङरु झरे पनि बेला बेला त्यस क्षेत्रतर्फ गस्ती जाने गरेको उहाँले बताउनुभयो। सुरक्षाकर्मी बाह्रै महिना बस्न सक्ने किसिमको भौतिक पूर्वाधार अभावमा हिउँदमा तिङ्कर नाका सुरक्षाकर्मीविहीन हुने गरेको छ।

राज्यले सीमाक्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्न तथा बाह्य राष्ट्रको हस्तक्षेप रोक्न भौतिक पूर्वाधारको उचित व्यवस्थापन गरेर बाह्रै महिना सुरक्षाकर्मी परिचालन गर्न यहाँका स्थानीयले माग गरेका छन्। छाङरुबाट तिङ्करगाउँको दुरी १२ किलोमिटर रहेको छ।

## राजमार्ग क्षेत्रको अतिक्रमण हटाइने

**धनगढी समाचारदाता**
*धनगढी, जेठ १ गते*

सुदूरपश्चिम प्रदेशमा महेन्द्र राजमार्गआसपास सडकसीमा क्षेत्रमा भएको अतिक्रमण हटाइने भएको छ।

सडक डिभिजन कार्यालय, कञ्चनपुरले कैलालीको चिसापानीदेखि कञ्चनपुरको गड्डाचौकीसम्म राजमार्गआसपासको अतिक्रमण हटाउने भएको हो। विभिन्न ठाउँमा सडकसीमा क्षेत्रभित्र घरटहरा निर्माण गरिनुका साथै निर्माण सामग्री राख्ने, व्यापारिक प्रयोजनको ठेलागाडी राख्ने कार्य भएको सूचना अधिकारी इन्जिनियर हरिशप्रसाद जोशीले बताउनुभयो। उहाँले भन्नुभयो, “चिसापानी बजारदेखि विभिन्न ठाउँ र बजारमा सडकसीमा मिचिएको छ। त्यस्ता संरचना हटाइने छ।”

सडक केन्द्रबाट २५/२५ मिटर दायाँबायाँ सडकसीमा कायम गरिएको छ। सार्वजनिक सडक ऐन, २०३१ ले सडक सीमाभित्र सडक विभागको बिनास्वीकृति स्थायी/अस्थायी रूपमा घरटहरा निर्माण गर्न, निर्माण सामग्री राख्न, नाली पुरेर प्रवेशमार्ग बनाउन निषेध गरेको छ। यसै गरी सडक संरचना भत्काउने, ढल तथा पानी सडक किनारको नालामा मिसाउनेलगायतका कार्य ऐनले निषेध गरेको छ।

राजमार्गको सडकसीमा क्षेत्रमा भएको यस किसिमको अतिक्रमण हटाउन सडक डिभिजन कार्यालयले सार्वजनिक सूचना जारी गरिसकेको छ। सो कार्यालयले १५ दिनभित्र सम्बन्धितलाई आफैँ अतिक्रमण हटाउनका लागि सार्वजनिक सूचना प्रकाशित गरेको हो। तोकिएको समयावधिभित्र आफैँ संरचना हटाउनेलाई आवश्यक परेको खण्डमा सडक डिभिजन कार्यालयले प्राविधिक सहयोग पनि गर्ने जनाइएको छ।

सडकसीमा क्षेत्रभित्र बनाइएको संरचना तोकिएको अवधिभित्र नहटाइएमा सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ को उपदफा (३) बमोजिम सडक डिभिजन कार्यालयले हटाउने सूचना अधिकारी जोशीले जानकारी दिनुभयो।

# एडिबीको सहयोगमा चार सडक बन्दै


*तस्बिर : अविनाश चौधरी*
**निर्माण भइरहेको धनगढीगाउँ-बेली रोड ।**

**धनगढी समाचारदाता**
*धनगढी, जेठ १ गते*

सुदूरपश्चिम प्रदेशको प्रमुख व्यापारिक केन्द्र एवं अस्थायी राजधानी धनगढीमा एसियन विकास बैङ्क (एडिबी) को सहयोगमा चार वटा सडक बनिरहेको छ।

क्षेत्रीय सहरी विकास आयोजनामार्फत यहाँ ६.४६ किलोमिटर सडक बन्न लागेको हो। आयोजना कार्यान्वयन एकाइ धनगढीका अनुसार धनगढीगाउँ-बेली रोड (३.८२९ किलोमिटर), पार्कमोड सडक, उपमहानगरपालिका-राष्ट्र बैङ्क-ग्यालेक्सी स्कुल रोड (०.७९६ किलोमिटर) को निर्माण भइरहेको छ। यसै गरी पुरानो गोबरग्यास रोड (०.८४० किलोमिटर) र पुरानो हसनपुर-युएन सडक (एक किलोमिटर) निर्माण भइरहेको क्षेत्रीय परियोजना कार्यान्वयन एकाइका सूचना अधिकारी इन्जिनियर सौरभ कलौनीले जानकारी दिनुभयो।

उहाँका अनुसार २०२५ डिसेम्बर अन्तिममा चार वटै सडकको संयुक्त रूपमा ३१ करोड २७ लाख ४५ हजार रुपियाँमा ठेक्का लागेको थियो। धनगढीकै केएस कन्स्ट्रक्सन प्रालिले ठेक्का पाएर काम गरिरहेको छ। चार वटै सडकको निर्माण समयावधि १५ महिना रहेको इन्जिनियर कलौनीले बताउनुभयो। नाली, फुटपाथसहितको सडक बन्ने जनाइएको छ।

कृषि सडकका रूपमा चिनिएको धनगढीगाउँ-बेली रोडको निर्माण धमाधम भइरहेको छ। धनगढी उपमहानगरपालिकाका अनुसार प्रदेश, सङ्घीय सरकार र क्षेत्रीय सहरी विकास आयोजनामार्फत तीन छुट्टाछुट्टै ठाउँमा यो सडक बनिरहेको छ। प्रदेश सरकारको लगानीमा दुई सय मिटर कालोपत्रे सडक बनिसकेको छ। सङ्घीय सरकारको लगानीमा पनि त्यत्ति नै सडक निर्माण भइरहेको धनगढी उपमहागरपालिकाका डिभिजनल इन्जिनियर दिजराज भट्टले बताउनुभयो। यसै गरी एडिबीको सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनामार्फत ३.८ किलोमिटर सडक निर्माण भइरहेको उहाँको भनाइ छ।

निर्माणाधीन यो सडक बिग्रेको कैयौँ वर्षसम्म नबनाइँदा स्थानीयले सास्ती खेप्दै आएका थिए। सडक बनेपछि राम्रो हुने धनगढी उपमहानगरपालिका-८ का रमेश चौधरीले बताउनुभयो। उहाँले सडक बनेपछि दैनिक दुध बोकेर धनगढीमा बिक्री गर्न आउजाउ गर्ने दक्षिणी क्षेत्रका कृषकलाई धेरै सहज हुने उल्लेख गर्नुभयो।

# अतिक्रमित जमिनमा उद्योग र पक्की संरचना

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), जेठ १ गते*

सरकारले सार्वजनिक जमिनको अतिक्रमण हटाउने प्रक्रिया अगाडि बढाएसँगै पालिकाहरूले तथ्याङ्क सङ्कलन थालेका छन्। सोही क्रममा भीमदत्त नगरपालिकाले सार्वजनिक अतिक्रमणमा परेको जमिनको तथ्याङ्क सङ्कलन गरिरहेको जनाएको छ।

भीमदत्त नगर विकासको सार्वजनिक जमिनमा हजारौँ भूमिहीन सुकुमवासी अस्थायी टहरा बनाएर बस्दै आएका छन्। नगर विकासका सूचना अधिकारी लक्ष्मणदत्त जोशीका अनुसार सार्वजनिक जग्गा अतिक्रमण गरेर १४ स्थानमा उद्योग स्थापना गरिनुका साथै २४ पक्की संरचना निर्माण गरिएको भेटिएको पाइएको छ। भीमदत्त नगर विकास समितिको तथ्याङ्क अनुसार नगर विकासको सार्वजनिक जमिन अतिक्रमण गरेर भीमदत्त नगरपालिका-५, वनखेत क्षेत्रमा मात्रै १४ उद्योग स्थापना गरिएका छन्।

विसं २०२४ मा गठन भएको तत्कालीन नगर विकास समितिमातहत रहेको ६३८ बिघा सार्वजनिक जमिनमध्ये तीन बिघा जमिनमा विभिन्न व्यक्तिले संरचना बनाई उद्योग तथा संस्था सञ्चालन गर्दै आएको नगर विकासले जनाएको छ।

यी उद्योग स्थापनाका गर्न एक वर्षका लागि सम्झौता गरिए पनि कुनै रित नपुगाई लिजमा जमिन उपलब्ध गराइएको पाइएपछि सम्झौता रद्द भएको नगर विकासका सूचना अधिकारी जोशीको भनाइ छ।

त्यसै गरी आवासीय क्षेत्रमा निर्माण गरिएका पक्की संरचनाको पनि सम्झौता रद्द गरिएकाले भत्काउनका लागि जिल्ला प्रशासन कार्यालयलाई तथ्याङ्कसहित पठाइएको उहाँले बताउनुभयो। यद्यपि अतिक्रमणको चपेटामा परेको भीमदत्त नगरपालिका-१८, सालघारी क्षेत्र, वडा नं. ४ स्थित पुरानो बसपार्क, सब्जी मन्डी क्षेत्र, ब्रह्मदेवलगायत क्षेत्रमा कति सार्वजनिक जमिन अतिक्रमण पारिएको छ भन्ने यकिन तथ्याङ्क प्राप्त भइनसकेको सूचना अधिकारी जोशीको भनाइ छ।

विभिन्न व्यक्तिले लिजमा भन्दै जमिन उपभोग गर्दै आएको भए पनि ती क्षेत्र खाली गरिनु जरुरी रहेको नगर विकास समितिले जनाएको छ। उहाँले बर्सौंदेखि ती सार्वजनिक क्षेत्र खाली गर्नका लागि पटक पटक आग्रह गरिए पनि खाली नहुँदा सार्वजनिक जमिन अतिक्रमणको चपेटामा परेको उहाँले बताउनुभयो।

१९ वटा वडा रहेको भीमदत्त नगरपालिकामा ९४२ भूमिहीन दलित तथा एक हजार १७ भूमिहीन सुकुमवासी पनि अस्थायी टहरा बनाएर सार्वजनिक जमिनमा बसेका छन्। जिल्ला प्रशासन कार्यालयले भने सार्वजनिक क्षेत्र अतिक्रमण गरिएको विवरण तथा कार्ययोजनासहित पठाउन सबै पालिकालाई पत्राचार गरिएको जनाएको छ।

## घर घरमा सुधारिएको चुलो

**बाजुरा समाचारदाता**
*बाजुरा, जेठ १ गते*

बाजुराका अधिकांश स्थानीय तहमा पछिल्लो समय सुधारिएको चुलो प्रयोगमा आउन थालेका छन्। यहाँका स्थानीयले दाउराको खपत कम तथा धुवाँबाट जोगिन पछिल्लो समय सुधारिएको चुलोको प्रयोग गर्न थालेका हुन्।

बुढीनन्दा नगरपालिका-७ का स्थानीय डम्मर लुहारले सामान्य चुलोमा आगो बाल्दा धेरै धुवाँ हुने र त्यसले स्वास्थ्यमा असर पार्ने भएकाले अहिले सुधारिएको चुलो प्रयोगमा ल्याएको बताउनुभयो।

उहाँले भन्नुभयो, “यो चुलोले दाउराको खपत कम गर्ने भएकाले वन कटानी पनि कम हुन्छ। धुवाँ पनि कम आउने हुँदा स्वास्थ्यमा पार्ने नकारात्मक असर पनि कम हुने आशा गरिएको छ।” लुहारका अनुसार सुधारिएको चुलोका लागि उपभोक्ताले एक हजार रुपियाँ र बाँकी रहम सामुदायिक वनले बेहोरेको छ।

## बेलिब्रिज निर्माण अन्तिम चरणमा

**बाजुरा समाचारदाता**
*बाजुरा, जेठ १ गते*

बाजुराको पूर्वीउत्तर क्षेत्रमा पर्ने बुढीनन्दा नगरपालिका-२, दानसाँगुखोलाको बेलिब्रिज निर्माण अन्तिम चरणमा पुगेको छ।

गत मङ्सिर ४ गते जिल्लाको सर्वदलीय बैठकको निर्णय अनुसार बडीमालिका नगरपालिकाको जडाङ्गामा रहेको बेलिब्रिजलाई दानसाँगुखोलामा ल्याइएको थियो। ठेकेदार कम्पनीले पुल निर्माणलाई तीव्रता दिएपछि यतिबेला करिब ९५ प्रतिशत काम पूरा भएको जनाएको छ।

बुढीनन्दा नगरपालिका-७ का चालक रामबहादुर कार्कीले दानसाँगुखोलामा पुल नहुँदा बर्खाको समय निकै समस्या हुने गरेको बताउनुभयो। उहाँले बन्दै गरेका दुई पुल समयमा नै सम्पन्न भएमा मार्तडीदेखि कोल्टी आउजाउमा निकै सहज हुने अपेक्षा व्यक्त गर्नुभयो। सडक डिभिजन कार्यालय अछामका इन्जिनियर सुवास साहले, डिडिए/जनकल्याण जेभीसँग दुई करोड २० लाख रुपियाँमा सम्झौता गरिएको सो पुल अबका केही दिनमै सञ्चालन हुने दाबी गर्नुभयो।

बुढीनन्दा नगरपालिकाका र प्रमुख जनकबहादुर बोहराले, मार्तडीदेखि कोल्टीसम्म सवारीसाधन चल्न थालेको धेरै भए पनि दानसाँगुखोलामा पुल नहुँदा निकै समस्या परेको बताउनुभयो।

उहाँले भन्नुभयो, “पक्की पुल निर्माण पनि तीव्र गतिमा भइरहेको छ भने बेलिब्रिज त केही दिनमै सञ्चालन हुने अवस्थामा पुगिसकेको छ।”


**तारकेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धर्मस्थली, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८३/०२/०२ गते**

यस कार्यालयबाट मिति २०८३/१/१६ मा दोस्रो पटक प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मूल्याङ्कन हुँदा निम्न बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र सारभूत रूपमा प्रभावग्राही पाइएकोले तपसिल बमोजिम ठेक्काहरूको बोलपत्र स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. र योजनाको विवरण | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| 1. | Construction Works of Kathmandu District Tarakeshwor Municipality ward 5, Goldhunga Park Byayamshala Nirman. CONTRACT NO:- (TARA/42/NCB/082-083) | Ekalabya Construction. | रू. ३५,१९,९३२.३० |
| 2 | Construction Works of Jarankhu pul dekhi Ward 7 ko Simana sammako sadak . CONTRACT NO:- (TARA/43/NCB/082-083) | Palchowk Nirman Sewa. | रु. ६८,९०,७५८.६० |

**प्रमुख प्रशासकीय अधिकृत**

**लक्ष्मीपुर पतारी गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**महेशपुर पतारी, सिराहा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना ।**

**(प्रकाशित मिति : २०८३/०२/०२)**

लक्ष्मीपुर पतारी गाउँपालिकाको मिति २०८३/०१/०४ र २०८३/०१/१५ को गोरखापत्र पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलका निर्माण तथा मालसमान आपूर्ति कार्यहरूको लागि पेश भएका Online E-Bidding मध्ये देहायका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही भई स्विकृतीको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ संम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्विकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | योजनाको विवरण | छनोट भएको फर्मको नाम | ठेगाना | कबोल अंक (रु. VAT बाहेक) |
|---|---|---|---|---|
| LPRM/GOODS/SQ/01/2082/083 | Procurement of Medicine. | Mansarovar Medihealth Pvt. Ltd. | Kathmandu, Nepal | 11,99,635/- |
| LPRM/WORKS/SQ/01/2082/083 | Warda No 4 Brahampurima Ghat Nirman. | Nexgen Construction And Consultant Pvt.Ltd. | Janakpurdham-04, Dhanusha | 1376178.98/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**बान्नीगढी जयगढ गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जयगढ, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८३/०२/०२**

बान्निगढी जयगढ गाउँपालिका अन्तर्गत तपशिल बमोजिमका निर्माण कार्यका लागि विभिन्न मितिमा इजिपी मार्फत पेश भएका बोलपत्रहरूको बोलपत्र आह्वान सम्बन्धी कागजात, सार्वजनिक खरिद नियमावली, (संशोधन सहित) २०६४ को नियम १४७(१) अनुसारको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सोको प्रतिवेदनका आधारमा तपशिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ मा रहेको प्रयोजनार्थ न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्रमा ऐनको दफा ४७ अनुसारको कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा तल उल्लेखित निर्माण व्यावसायी मार्फत खरिद प्रकृया अगाडि बढाइने व्याहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नम्बर | कामको विवरण | छनोट भएको बोलपत्रको नाम र ठेगाना | कबोल रकम (भ्याट र पि.एस बाहेक) |
|---|---|---|---|---|
| 1. | BJRM/NCB/WORK/2082-083/04 | Construction Of Timilsain Health Post Building | M/S Chandrakala Construction & Order Suppliers | 26,57,455.5 |

**प्रमुख प्रशासकीय अधिकृत**

**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद शाखा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०२।०२**

यस कार्यलयको मिति २०८३।०२।०१ गतेको सूचना बमोजिम यस कार्यालयलाई आवश्यक Procurement of 4WD Double Cab Pick Up खरिद सम्बन्धी ठेक्का नं. (08/AM/GOODS/NCB/082/083) का लागि दोस्रो पटक प्रकाशन गरिएको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएको एक मात्र बोलपत्रदाता श्री Agni Incorporated Pvt. Ltd. KTM, Nepal को बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले निजले बोलकबोल गरेको अंक रु. ५३,३५,०००।०० भ्याट सहितको रकम सिफारिस भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**मेलम्ची खानेपानी विकास समिति**
**पानीपोखरी, काठमाडौँ**

**घरजग्गा भाडामा लिने सूचना**

**(दोस्रो पटक प्रकाशित मिति: २०८३।०२।०२)**

मेलम्ची खानेपानी विकास समितिको घरजग्गा भाडामा लिने सम्बन्धमा गोरखापत्र दैनिकमा मिति २०८३।०१।१६ मा प्रकाशित सूचना बमोजिम अन्तिम मितिसम्म कुनै पनि दरखास्त प्राप्त हुन नआएकोले सोही प्रयोजनको लागि पुन: ७ दिने यो सूचना प्रकाशन गरिएको छ।

विस्तृत बेहोरा यसअघि प्रकाशित सूचना बमोजिम नै भएकोले इच्छुक जग्गाधनीहरूबाट दोस्रो पटक सूचना प्रकाशन भएको मितिबाट ७ दिनभित्र प्रस्ताव पेश गर्न अनुरोध गरिएको छ। (प्रथम पटक प्रकाशित सूचना यस कार्यालयको वेबसाइट www.melamchiwater.gov.np बाट प्राप्त गर्न सक्नु हुनेछ)

**महाबु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गैडाबाज, दैलेख**
**कर्णाली प्रदेश नेपाल**

**धरौटी रकम फिर्ता लिन आउने सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशन मिति :-२०८३।०२।०२)**

प्रस्तुत विषयमा यस गाउँपालिकामा विगत आ.व. देखि आ.व. २०८०/८१ सम्म यस कार्यालयबाट जारी खरिद ठेक्कामा सहभागी हुँदा राखिएको तथा भुक्तानीको कट्टीमा राखिएको धरौटीमध्ये सदरस्याहा गरी राजस्व दाखिला पश्चात् बाँकी धरौटी फिर्ता लैजानुपर्नेमा हालसम्म पनि सम्बन्धित व्यक्ति, फर्म, संस्था, कार्यालय तथा उपभोक्ता समितिहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ बमोजिम आवश्यक कागजात लिएर फिर्ताका लागि सम्पर्क गर्न नआएको हुँदा प्रयोजनविहीन धरौटी रकम ऐ. को नियम ६८ बमोजिम देखिएकोले उक्त धरौटी रकम फिर्ता लिन नआएमा ऐ. को नियम ६७ बमोजिम सदरस्याहा गरी राजस्वमा दाखिला गरिनेछ। अतः धरौटी रकम फिर्ता पाउनुपर्ने भनी कुनै आधार र प्रमाण भए यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा आई आवश्यक कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। थप जानकारीका लागि महाबु गाउँपालिकाको वेबसाइट https://mahabumun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ।

**नेपाल सरकार**
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**निजामती कर्मचारी अस्पताल**
**मीनभवन, काठमाण्डौँ**

**आधिकारिकता यकिन गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति: २०८३/०२/०२**

यस अस्पतालमा रहेको Mammography मेसिनमा प्रयोग हुने Judcare Brand को (10x12)" साइजको फिल्म खरिद गर्नु आवश्यक रहेको हुँदा लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा (४१)(१)(ग) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (३) को प्रयोजनार्थ उक्त फिल्म आपूर्ति गर्ने अधिकार प्राप्त कम्पनीको आधिकारिक बिक्रेताले मिति २०८३/०२/०९ गतेभित्र अस्पतालको खरिद शाखामा देहायका आवश्यक कागजात पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१ निवेदन
२ फर्म कम्पनीको दर्ता प्रमाणपत्र
३ VAT/PAN दर्ता प्रमाणपत्र
४ आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र
५ सम्बन्धित उत्पादकको आधिकारिक बिक्रेता रहेको भन्ने आधिकारिक पत्र
६ Judcare Brand को (10x12)" साइजको फिल्मको प्रति एकाइ दररेट

**निजामती कर्मचारी अस्पताल**